**सि आशा फाउण्डेशन द्वारा सञ्चालित आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले विद्यालयिय गतिविधिहरु बारे जानकारि दिने उद्देश्य अनुरुप भित्तेपत्रिका प्रकाशन गर्दै आएको छ, यसै अनुरुप यो पाचौं कोशेलि यहाँहरु माझ ल्याएका छौ ।**

**छोरि**

हो म छोरि,
म कसैको घर जानैपर्छ । रहर सबै त्याग्नैपर्छ ।
अधिकार र स्वतन्त्रता छोडि जिम्मेवारि उठाउनैपर्छ ।
हो म छोरि,
त्याग ठुलो गरि नयाँ घर अपनाउनैपर्छ ।
जति पिडामा पनि आफु सिता अनि श्रीमानलाई राम मान्नैपर्छ ।
हो म छोरि,
बाधा अड्चन जति आयपनि सम्बन्ध मजबुत राख्नैपर्छ ।
यसै विषयमा परिवारको साथ श्रीमानको माया पाय भाग्यमानि मान्नुपर्छ ।
हो म छोरि,
मैले सबै गर्नैपर्छ ।



**सुनिता स्याङ्तान घलान**

**आमाको मुख हेर्ने दिन**

मातातिर्थ औंशि नेपालिहरुको एउटा धार्मिक र सांस्कृतिक पर्व हो । यसलाई आमाको मुख हेर्ने दिन पनि भनिन्छ । आमालाई आदर सम्मान र धन्यवाद दिनको लागि वर्षमा एक दिन यो पर्व बैशाख कृष्णपक्षको औंशिको दिनमा पर्दछ ।

यो संसारमा, आमा जस्ता साचो माया गर्ने अरु कोहि हुदैन । मानिस जिवन प्रदान गरि यो विश्व देखाउने हरेक ईच्छा बुझेर दुख सुख हरपल साथ दिईरहने सहि बाटोमा हिड्नको लागि प्रेरित गर्ने आफु भोकै बसेर माया, ममताको साथ सन्तानलाई खुवाउने, आफ्नो सबै पिडालाई लुकाएर हसिलो अनुहारका साथ सधै अनमोल ज्ञान प्रदान गरिरहने आमाले आफ्नो जिवन नै सन्तानको माया लागि समर्पित गरेकी हुन्छिन् । तसर्थ आमालाई माया गर्नु, प्रेमपुर्वक आमाको सेवा गरेर आमालाई खुशि राख्नु प्रत्येक व्यक्तिको कर्तव्य र परम धर्म पनि हो ।

मातातिर्थ औंशिको दिन आमा हुनेहरुले आमाको सुस्वास्थ्य दिर्घायु र सुखि जिवनको कामना गर्दै आमाको मुख हेरेर मिष्ठान्न परिकार बनाएर खुवाउने अनि उपहार पनि दिने गर्दछन् ।



**अरुण दाहाल**
**आशा विशेष पाठशाला तथा पुनर्स्थापना केन्द्र**
**ललितपुर २ सानेपा**

## विद्यालय नर्सको व्यवस्था



सि आशा फाउण्डेसन द्वारा सञ्चालित यस आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले नेपाल सरकारको योजना अनुसार एक विद्यालय एक नर्स कार्यक्रम अनुरुप विद्यालय आफैले विद्यालयको लागि माघ महिना बाट नर्सको व्यवस्था गरि सुविधा सुरु गरेको छ । प्रत्येक दिन विद्यालयमा विद्यार्थीहरुको ज्वरो, ब्लड प्रेसर, अक्सिजन लेवल, नाडिको गति, हप्ताको एकपटक तौल, मासिक शारिरीक उचाई नापजाचँ गरिन्छ । साथै आकस्मिक घाउचोटपटक लागेमा प्राथमिक उपचार, नेपाल सरकारको योजना अनुरुप हुने विविध कार्यक्रम जस्तै खोप, जुकाको औषधि, लगाएतको कार्यहरुमा सहकार्य गरि आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्र हेटौडा तथा ललितपुर दुबै विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई लाभान्वित गराउदै आईरहेको छ ।

## कार्यक्रममा सहभागिता



सि आशा फाउण्डेसन द्वारा सञ्चालित यस आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रलाई नेपाल सरकारले आयोजना गरेको महत्वपुर्ण कार्यक्रम नेपालमा अवसर र चुनौति विचार विमर्श गर्ने उद्देश्यले एसियालि विकास बैंक तथा विश्व बैंक ले आयोजना गरेको कार्यक्रममा नेपालमा रहेका भिन्न तथा फरक क्षमता भएका बालबालिका तथा युवाहरुको अवस्था उनिहरुको लागि रहेका अवसर उनिहरुले समाजमा भोगेका चूनौतिका विषयमा विविध छलफल गरियो । आगामि १६ पञ्च वर्षिय कार्यक्रममा यस्ता महत्वपुर्ण विषयमा नेपाल सरकारलाइ अझै चुस्त ढगंले ध्यानाकर्षण गराउदै निति कार्य योजना बनाउने र कार्यान्वयन गर्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।



यस्ता खाले कार्यक्रममा सञ्चालनमा रहिरहेका विविध सल्लाह सुझाव लिएर अघि बढ्दा भावि योजना बनाउन अझै सहयोग मिल्ने र प्रभाभकारि ढगंले अघि बढ्न सहज हुने बताउदै राज्य स्वयमले चासो दिदै अघि बढाउनुपर्नेमा सि आशा फाउण्डेसन द्वारा सञ्चालित यस आशा विशेष पाठशाला तथा पुर्नस्थापना केन्द्रले भिन्न तथा फरक क्षमता भएका बालबालिका तथा युवाहरुलाई शिक्षा रोजगारमुलक कार्य गरिरहेकोमा खुशि ब्यक्त गर्नुभयो ।

**प्रविधिले समाजमा पारेको नकारात्मक असर**

सरल र सहज बन्दै गईरहेको लोभलाग्दो प्रविधिको सुविधाको पछाडि देखिएको नकारात्मक तथा कुरुप वास्तविकता लाई नियाल्ने हो भने हामिलाई ढुंगे युगनै ठिक लाग्ने गर्दछ । अहिले पनि सोध्ने हो भने ६ दशक पार गरेका तमाम ति लक्षित वर्गलाई अहिले को सुख, सुविधा भन्दा पहिले कै दुः ख केहि हदसम्म ठिक भन्ने जवाफ आउछ किनकि पहिले मानिसहरु नजिक थिए बिरामि पर्दा सबै जम्मा हुन्थे हेरविचार गर्थे आधा विमारि आफ्ना यसै ठिक हुन्थ्यो तर अहिले विरामि हुदा पैसा छ, हस्पिटल छ तर त्यहासम्म पुऱ्याउनको लागि छोराछोरि आफन्त साथ हुदैनन् । साच्चिनै भन्ने हो भने सुविधा र प्रविधिको नाममा हामि नराम्ररि यस्तो दलदलमा फसिरहेका छौ त्यहाबाट उम्किन लगभग अशम्भव नै जस्तो छ र हामि ले हाम्रो सन्तति लाई पनि सगैं डुवाउदै लगेका छौ । कारण कसरि भन्ने हो भने हामि हाम्रो धर्म संस्कृति विर्सदै पश्चिमा संस्कृति अगांल्दै गईरहेका छौ । यसले अरुको संस्कृति त मौलाउदै गयो सगँसगैं विविध रोगहरु भित्र्याउदै गयो हामि कातिपनि व्यस्त भयौ भने हाम्रा बच्चालाई मोवाईल अगाडि राखेर खाना खान दिन्छौ बच्चा रोयो गित गाउने फकाउने हामि सित समय छैन् । तर मोवाईलमा भुल्याउन अनेक उपाय गर्छौ । यसै क्रमलाई यति धेरै निरन्तरता दिन थाल्यौ कि केहि अनुसन्धानहरुले त बालबालिकाको बौद्धिक विकास कम हुनुमा यसलाई पनि एक प्रमुख कारण मानेका छन् । फलस्वरुप पार्ट अफ अर्टिजम पनि एक उदाहरण हो । धेरै सुविधाका लागि धेरै पैसा चाहिने हुन्छ । त्यसका लागि हामि आमा बुबा लामो समय टाढिदा टेक्निकल विधुतिय उपकरण, मोवाईल, टि. भि मा भुल्याउछौ यसले गर्दा उनिहरुमा बाहिरि वातावरणमा घुलमिल हुने अवस्था एकदमै न्युन रहन्छ । र प्रत्यक्ष असर बालबालिकाको सर्वागिंण विकासमा पर्न जाने हुन्छ । त्यैसैले समय रहदै विवेक नपुऱ्याए अझै यस्तो कुराले विकराल अवस्था सिर्जना अव धेरै समय छैन् । आधुनिकताका सुविधाका पछाडि धेरै भाग्दा हाम्रा बालबालिका कतै यस्तै यस्तै समस्या बाट ग्रसित पो छन् कि त्यैसैले पपकर्न हैन मकै खाने भनेर सिकाऔ हाम्रा नानि बाबुलाई आधुनिक गित हैन पुराना भाका सिकाऔ, खेल को नाममा पब जि, फ्रि फायर हैन् डन्डिबियो र लुकामारि खेल्न सिकाऔ ।



**अन्जिता भुजेल**